# यूहन्नाको
# तेस्रो पत्र

1 अग्रजबाट अभिवादन!
मेरा प्रिय मित्र गायस, जसलाई म सत्यमा प्रेम गर्छु।

2 मेरा प्रिय मित्र, म जान्दछु तिमी आत्मिक रूपले असल गरिरहेछौ। यसर्थ म
प्रार्थना गर्छु कि तिमीमा प्रत्येक कुरो असल भइरहोस् अनि तिम्रो स्वस्थ राम्रो रहोस्।
3 ख्रीष्टमा विश्वास रहेका कोही भाइहरु आए अनि तिम्रो जीवनमा रहेको सत्य बताए।
तिनीहरूले भने कि तिमीले सत्यको मार्ग अनुसरण गरिरहेका छौ। यसले मलाई अति
आनन्दित तुल्यायो। 4 जब म मेरा बालकहरु सत्यको बाटोमा हिडिरहेका छन् भन्ने
सुन्छु त्यसले मलाई अति आनन्द दिन्छ।

5 मेरा प्रिय मित्र, तिमी ख्रीष्टमा रहेका भाइहरूलाई सहायता गरेर विश्वासयोग्यता
देखाइरहेछौ। तिमीले ती अपरिचीत भाइहरूलाई पनि सहयोग गरिरहेछौ। 6 यी
भाइहरूले तिम्रो प्रेमको बारेमा मण्डलीलाई भने। दया गरि तिनीहरूलाई आफ्नो
यात्रा जारी राख्न सहयोग गरिदेऊ। तिनीहरूलाई यस्तो तरिकाले सहयोग गर जसले
परमेश्वरलाई खुशी तुल्याउनेछन्। 7 यी भाइहरु ख्रीष्टको सेवाकोलागि यात्रामा गए।
तिनीहरूले ती मानिसहरूबाट कुनै सहायता स्वीकार गरेनन् जो विश्वासीहरू होइनन्।
8 यसर्थ हामीले यस्ता भाइहरूलाई सहयोग प्रदान गर्नुपर्छ। जब हामी तिनीहरूलाई
सहयोग गर्छौं, हामी सत्यको निम्ति तिनीहरूले गरेको कार्यमा सहभागी बन्छौं।

9 मैले मण्डलीलाई एउटा पत्र लेखँ। तर डियोत्रिफसले हामी जे भन्छौ त्यो
सुनि रहेको छैन। ऊ सदैव तिनीहरूका नेता बन्न चाहन्छ। 10 जब म आउँछु,
डियोत्रिफसले के गरिरहेछ त्यसबारे भन्नेछु। उसले ढाँट्छ अनि हाम्रो निन्दा गर्छ।
तर उसले यो भन्दा अझ धेरै गर्छ। उसले ती भाइहरूलाई सहायता गर्न अस्वीकार
गर्छ। जसले ख्रीष्टको सेवा गरिरहेका छन्। उसले ती मानिसहरु जसले भाइहरूलाई
सहयोग गर्न चहान्छन् तिनीहरूलाई पनि वाधा दिन्छ अनि तिनीहरूलाई मण्डलीबाट
बाहिर निकाली दिन्छ।

11 मेरा प्रिय मित्रहरु! जे नराम्रो छ त्यसको अनुसरण नगर, जे राम्रो छ त्यसको
अनुकरण गर। मानिस जसले जे राम्रो छ त्यो गर्छ भने ऊ परमेश्वरबाट आएको

मानिस हो। तर कुनै एक जसले नराम्रो काम गर्छ त्यसले कहिल्यै पनि परमेश्वरलाई
देखेको हुँदैन।
12 सबै मानिसहरूले डेमेत्रियसको विषयमा असल कुराहरु गर्छन्। अनि त्यो सत्य
तिनीहरूले भनेको कुरासित मिल्छ। हामी पनि उसको विषयमा असल कुरा गर्छौं।
अनि तिमीहरु जान्दछौ कि हामी जे भन्छौं त्यो सत्य हो।
13 मेरो तिमीहरूलाई धैरे कुराहरु भन्ने इच्छा छ। तर म कलम अनि मसी
यसकोलागि उपयोग गर्न चाहन्नँ। 14 म तिमीहरुसित चाँडै भेट्ने आशा गर्छु। तब
हामी एकसाथ बसेर आमने-सामने बात गर्न सक्छौं।
15 तिमीहरूमा शान्ति रहोस्। यहाँ भएका साथीहरूले तिमीहरूलाई अभिवादन
जनाएका छन्। त्यहाँ भएका मित्रहरु हरेकलाई हाम्रो अभिवादन सुनाइदिनु।

# The Holy Bible, Easy Reading Version, in Nepali

## The Holy Bible, Easy Reading Version, in Nepali

copyright © 1999-2010 World Bible Translation Center

Language: नेपाली (Nepali)

Translation by: World Bible Translation Center

License Agreement for Bible Texts World Bible Translation Center Last Updated: September 21, 2006 Copyright © 2006 by World Bible Translation Center All rights reserved. These Scriptures: • Are copyrighted by World Bible Translation Center. • Are not public domain. • May not be altered or modified in any form. • May not be sold or offered for sale in any form. • May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space). • May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included. • May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSIONTM © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSIONTM." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read VersionTM in English) must appear at the end of each quotation. Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com. World Bible Translation Center P.O. Box 820648 Fort Worth, Texas 76182, USA Telephone: 1-817-595-1664 Toll-Free in US: 1-888-54-BIBLE E-mail:

info@wbtc.com WBTC's web site – World Bible Translation Center's web site: http://www.wbtc.org

2013-11-06

PDF generated using Haiola and XeLaTeX on 21 Feb 2024 from source files dated 31 Aug 2023
b97457b2-4647-5831-87bb-3e3be577369a